# ९ बाइबल र मानव इतिहास

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* भजन १०४:१-९, प्रकाश १:१-३, २ पत्रुस १:२१, दानियल २, प्रकाश १२:७-१७, रोमी १६:२०, २ कोरन्थी ५:१७-१९।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **"'अल्फा (आदि) र ओमेगा (अन्त) मैं हुँ। सुरूको र अन्तको मै हुँ,' परमप्रभुले भन्नुभयो।'म त्यो हुँ जो छु, थिएँ र जो आउनेछु। सर्वशक्तिमान मै हुँ'" (प्रकाश १:८ रूपान्तरित)।**

*<u>मूल सोच:</u>* इतिहासमा र इतिहासद्वारा हाम्रा परमेश्वर काम गर्नुहुन्छ। र इतिहासमा र इतिहासद्वारा नै हामीलाई आस्था तथा विश्वासको प्रभावकारी प्रमाण दिनुभएको छ।

के मानव इतिहास केवल क्रमिक रूपमा घट्ने घट्नाहरू मात्रै हुन् त? के मानव इतिहासको अर्थ केहि पनि छैन त? के अर्थहिन चक्रमा यो संसारको इतिहास घुमिरहेको छ त? वा कुनै यस्तो लक्ष्यमा यस इतिहास केन्द्रित भएको छ र त्यस लक्ष्यमा यो इतिहास लम्किरहेको छ त? के मानव इतिहास पानाहरू योजनाबद्धरूपमा भरिरहेकाछन्? इतिहासलाई परमेश्वरले निर्देशित गर्नुहुन्छ र त्यहि इतिहासद्वारा आफ्नो अस्तित्वको प्रदर्शन गरिरहनुभएको छ भनेर बाइबलले स्पष्टरूपमा खुलासा गरेको हामी पाउँछौं।

तर त्यसो भयो भन्दैमा परमेश्वरको इच्छा मुताविक सबै इतिहास चलिरहेको छ भनेर देखाइन्दैन। कतिपय खराब निर्णयले गर्दा इतिहासका पानाहरूमा अनेकन खराब दागहरूका छापहरू छन् र भइरहेकाछन्। इतिहासद्वारा परमेश्वर काम गर्नुहुन्छ भन्दैमा नकारात्मक कुराहरू उहाँद्वारा भएको हुन्दैन। दुष्ट, खराब, आतङ्कित बनाउने तत्वहरू त छन्। तर यस्तो माझमा पनि परमेश्वर हुनुहुन्छ। आफ्नो इच्छा परमेश्वरले इतिहासद्वारा कार्यान्वन गर्नुहुन्छ। अन्तमा, अभूत र महानतापुर्वक परमेश्वरले यस मानव इतिहासका पानाहरू बन्द गरिदिनुहुनेछ।

मानव इतिहासका महत्त्वपूर्ण घटनाहरू लेख्न बाइबलका लेखकहरूलाई परमेश्वरले नै निर्देशन दिनुभएको हो भनेर धेरै इसाईहरूले विश्वास गर्दछन्। त्यस घट्नाका व्याख्याहरू प्रायजसो परमेश्वरले दिनुहुन्छ, जसले गर्दा हामीहरूले त्यसका अर्थहरू बुझ्न सकौं।

परमेश्वरले इतिहासमा र इतिहासद्वारा कसरी काम गर्नुहुन्छ भनेर अलिकति यस अध्यायमा हामीहरूले अध्ययन गर्नेछौं।

## १. भूत र भविष्य (२ पत्रुस १:२१)

प्रकृतिको चक्र जस्तै मानव घट्नाहरू चलिरहन्छ भनेर कतिपय मानिसहरूले तर्क गर्दछन्। जन्मनु र मर्नु चक्रहरूको प्रायजसो कहिलै अन्त हुँदैन न त यस्ता कुनैको सुरू हुन्छ न त अन्तै हुन्छ। सारा सृष्टिका चोलाहरू बदल्दै निरन्तर रूपमा चलिनै रहन्छ रे!

तर उपरोक्त तर्कमा सत्यता छैन। मानव जीवन रेखा सिधा हुन्छ, घुमिरहने चक्रमा होइन। समय भनेको एकातिरमात्र बहन्छ भनेर बाइबलले भन्दछ।

**मानव इतिहासको सुरू र अन्तको बारेमा बाइबलका लेखहरूको धारणा कस्तो छ? उत्पत्ति १:१, अयूब ३८:१-७, भजन १०४:१-९, प्रकाश १:१-३,१९ र प्रकाश २१:१-६ पढ्नुहोस्।**

चौरासी लाख जुनी जस्ता धारणा वा मानव इतिहास घुमिरहने हुन् भन्ने सिद्धान्त बाइबलको निम्ति अनौठो छ। बाइबलको अनुसार मानव इतिहास साँच्चिकै सुरू भएको थियो। त्यस मानव इतिहासले गरिमामय र महिमित भविष्यको सामना गर्नेछ र त्यसको लक्ष्य छ। प्रायजसो कुनै पनि कथा पढ्दा त्यसको अर्थ के छ भनेर बुझ्न अन्तसम्म नपढि थाहा हुँदैन। प्रायजसो कथाहरूको अन्त छक्क पर्ने खालकै हुन्छ। उत्तम कथाहरूको अन्त प्रायजसो आश्चर्यचकित नै हुन्छन्। त्यस्तै गरेर मानव इतिहासको अन्तको बारेमा हामीले कसरी थाहा पाउने त? तर, परमेश्वरले उहाँको योजना उहाँका सम्वाददाता अर्थात् अगमवक्ताहरूद्वारा हामीलाई देखाउनुभएको कारणले मानव इतिहासको अन्त कसरी हुन्छ भनेर हामीहरूले ठोकुवा गरेर भन्न सक्दछौं।

(कुनै ज्योतिषले होइन तर) हाम्रो परमेश्वरलाई मात्र हाम्रो भविष्य थाहा छ। कुन् निर्णय मानिसहरूले गर्न सक्छन् र स्वतन्त्र रूपले कुन निर्णय गर्ने अधिकार सुम्पिएको छ भन्ने ज्ञान परमेश्वरमा छ। हामीले कुन् निर्णय गर्दा त्यसको परिणाम के हुन्छ भन्ने कुरा पनि परमेश्वरले हामीलाई बताउनुभएको छ। हाम्रो आत्मनिर्णयले हामीलाई हुने राम्रो र नराम्रो परिणाम हामीले नै चुन्दछौं। हुने परिणामको पर्दा परमेश्वरले हामीलाई खोलेर देखाउनुभएको छ।

**बिश्वको इतिहासको अन्त कसरी हुन्छ भनेर २ पत्रुस ३:१०ले हामीलाई बताइएको छ। २ पत्रुस १:२१ले स्पष्ट रूपमा यो भन्दछ बाइबलमा उल्लेखित भविष्यवाणीहरू मानिसको इच्छाबाट होइन वा मानिसको कल्पनाबाट होइन बरू परमेश्वरको प्रेरणाबाट हुन्।**

यदि हामीले परमेश्वरमाथि भरोसा राख्यौं भने हाम्रो अन्त कसरी हुन्छ भनेर परमेश्वरलाई थाहा छ भन्ने कुरामा विश्वस्त हुनसक्दछौं। उहाँ नै भूत र वर्तमानका परमेश्वर हुनुहुन्छ। उहाँ भविष्यका पनि परमेश्वर हुनुहुन्छ। त्यसकारण उहाँले नै कोर्नुभएको नक्सा अनुसार मानव इतिहासको अन्त हुनेछ भन्ने कुरालाई आत्मसात् गर्दै हाम्रो सारा भविष्य उहाँको हातमा सुम्पिन्दा हाम्रो भलो हुन्छ। हाम्रो भविष्य न त हाम्रो न त कसैको हत्केलामा हुन्छ तर उहाँमै भएकोले विश्वस्तपूर्वक हामी जीउनसक्दछौं।

**के भविष्यका कुराहरूलाई भविष्यवाणी गर्न सजिलो छ त? कतिपटक मानिसहरूले भविष्यवाणी गर्न खोज्दा गल्ती हुन गएको छ? के त्यसको लेखाजोखा तपाईंले गर्नु भएको छ? हाम्रो निम्ति शुभ सन्देश त यो छ, परमेश्वरलाई भविष्य थाहा छ र सबै कुरा के हुन्छ भन्ने जानकारी पनि उहाँलाई छ। हामीहरूको जीवनको बाटोमा आउने जे कुरा पनि त्यसबाट बीचलित हुनुहुन्दैन किनकि प्रेमका परमेश्वरलाई सबै कुरा थाहा छ भन्ने सोचले के हामीलाई सान्त्वना दिंदैन र?**

## २.परमेश्वरका सम्वाददाता अर्थात् अगमवक्ताहरू इतिहासका लेखकहरूजस्तै (यर्मिया १:१४-१९)

“परमेश्वरको वचन" वा “परमेश्वरले यसरी भन्नुभयो" भन्ने वाक्य अगमबक्ताहरूले बाइबलभरि प्रयोग गरेको पाइन्छ। छोटकरीमा उनीहरूले भन्न खोजेको तात्पर्य यो हो, “जुन सत्य वचनहरू म बोल्दै

छु, ती मेरा होइनन्। परमेश्वरले मद्वारा बोलिरहनुभएको छ। त्यसकारण ध्यान दिएर सुन राजी होऊ।"

यर्मिया १:१४-१९ले त्यो तर्कलाई कसरी पुष्टि गर्दछ?

यरुशलेम बेबिलोनको कब्जामा जाँदैछ भनेर माथिको पदले भन्दछ। यदि इस्रायलीहरू परमेश्वरबाट फर्केर मानव निर्मित अरू देवतादेवीहरूलाई पूजा गरे के हुनेछ भनेर अगाडि नै दिइएको परमेश्वरको भविष्यवाणी पूरा हुन गइरहेको थियो।

इतिहास यसरी चल्छ भनेर मानव राजा तथा देशका शासकहरूले हत्तपत्त विश्वास गर्न चाहन्न। तिनीहरूले जे निर्णय गर्छन् त्यहि नै सधैं मानिसको सार्वजनिक जीवनमा प्रभाव पर्छ भनेर तिनीहरूले बिश्वास गर्दछन्। देश तथा बिश्व तिनीहरूकै नियन्त्रणमा छन् भनेर तिनीहरू सोच्दछन्। तर यो कुरो सत्य होइन भनेर यर्मिया र अरू अगमवक्ताहरूले देखाएको पाउँदछौं। राष्ट्रको इतिहास इस्रायलको पतनतिर लम्किरहेछ भनेर इस्रायलको शासकहरूले थाहा पाएका थिए। परमेश्वरको वचनको शक्ति कतिको झट्कापूर्ण हुँदो रहेछ भनेर यर्मियामा उल्लेखित त्यस ऐतिहासिक घट्ना पूरा हुन गएकोले देखाउँदछ।

**परमेश्वरको वचनको शक्तिको सत्यतालाई यशैया १४:२४-२७ र नेहुम १:५-१०ले हामीलाई कसरी सम्झाउँछन्?**

मानव इतिहासमा देखाइएको परमेश्वरको असिमित शक्ति प्रकृतिमा पनि देखाइएको पाइन्छ। प्रकृति आफ्नै इच्छा वा आफ्नै नियममा चलेको छैन तर परमेश्वरको निर्देशन अनुसार हरेक चाल चलिरहेको छ भनेर भजन १०४ले व्याख्या गर्दछ। परमेश्वरले यस पृथ्वीलाई सृष्टि गर्नुभयो र त्यसपछि यसलाई आफ्नै नियम वा चक्रमा चल्न छोड्नुभयो भन्ने बिकासबाद सिद्धान्त वा बिग बाङ्ग थ्योरी जस्ता सिद्धान्तहरूलाई बाइबलले समर्थन गर्दैन। (बिलायतका विश्व प्रख्यात नोबेल पुरस्कार बिजेता नास्तिक तथा खगोलशास्त्री स्टिफन हकिङ्गको नयाँ पुस्तक “द ग्राण्ड डिजाइन"मा भनिएको छ, “यो जगत सुनियोजित योजनाले तयार भएको त हो। तर यसलाई परिचालन गर्न आफ्नै नियन्त्रणमा छोडेको छ।" अनुवादकको टिप्पणी)। यस पृथ्वी कसरी संचालन हुन्छ भनेर परमेश्वरले प्राकृतिक नियमहरू बनाउनुभएको छ। त्यसकारण परमेश्वरले यस पृथ्वी कसरी संचालन गरिरहनुभएको छ भनेर

ती नियमहरूले बताउँछन्। परमेश्वरले सृष्टि गर्नुभएकोले नै प्रकृतिका ती नियमहरू त्यहाँ छन् जसले गर्दा यस जगत र पृथ्वी चलिरहेकाहुन्छन्।

**अचानक ढँगले यस पृथ्वी देखापरेको हो र त्यसरी नै यसको अचानक तरिकाले नै नाश हुन्छ भनेर कतिपय वैज्ञानिक तथा दर्शनशास्त्रीहरूले घोषणा गर्दछन्। तपाईंको हृदय छामेर हेर्नुहोस्, के ती धारणा ठिक छ त?**

## ३. दानियल २ र परमेश्वरको नेतृत्वमा मानव इतिहासको परिचालन (दानियल २)

सारा जगत प्राकृतिक नियम अनुसार सुनियोजित ढँगले बनेका हुन् भनेर सत्रौं शताव्धीमा फ्रान्सको एक जना नास्तिक दार्शनिकले भनेका थिए। यदि कसैले ती सबै प्रकृतिका नियमहरूको ज्ञान छ भने प्रकृतिमा जे हुन्छ त्यो सबै कुरा उसलाई थाहा हुन्छ भनेर उनले दावी गरेका थिए।

हो, मानिसमा आत्मनिर्णयको अधिकार छ। उसले जे चाह्यो त्यो चुन्न सक्दछ। त्यो अधिकारलाई परमेश्वरले नै मानिसलाई दिनुभएको हो। मानव जातिले माया, प्रेम स्नेह देखाउन सक्दछ। त कसरी ती गुणहरू अपनाउने भनेर थाहा पाउन हामीलाई स्वतन्त्र नै छोडेको छ। कर गरेर कसैलाई पनि प्रेम गर्न नसक्ने भएकोले नै यो आत्मनिर्णयको अधिकार हामीलाई सुम्पिएको हो। कसैलाई प्रेम गर्न हामी सक्षम् हुन चाहन्छौं भने परमेश्वरले नै हामीलाई स्वतन्त्ररूपमा छोड्नुपर्दछ। तर परमेश्वर सर्वाज्ञानी हुनुभएकोले उहाँलाई सारा भविष्य पूरा थाहा छ। स्वतन्त्र रूपमा सोच्ने र त्यस अनुसार चल्ने गरेर मानज जात बनाउनु हुने परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ। मानिसले आत्मनिर्णय अनुसार जे रोज्दछ परमेश्वरलाई थाहा छ (तर उहाँले उसको निर्णयलाई हस्तक्षेप गर्नुहुन्न)।

दानियल २ अध्याय पढ्नुहोस्। परमेश्वरलाई संसारको अन्तसम्मको भविष्यको ज्ञान पूरा थाहा छ भनेर त्यस भविष्यवाणीले कसरी पुष्टि गर्दछ?

यो अध्याय छब्बिस-सय वर्ष भन्दा अघि लेखिएको हो। दानियललाई देखाएकै अनुसार विश्वको इतिहास चलेको थियो र चलिरहेकाछन् भनेर इतिहासका पानाहरूले देखाउँदछन्। तर हजारौं वर्ष

पहिले रहेका मानिसहरूलाई भन्दा यो भविष्यवाणी हाम्रो निम्ति अझ अर्थपूर्ण हुनुपर्दछ। किनभने, विश्वसम्रातहरू कसरी आए कसरी गए भनेर इतिहासका पानाहरू पल्टाएर हामी हेर्नसक्दछौं। दानियल र बेबिलोन (आधुनिक इराक)का चक्रवर्ती सम्रात नेबुक्दनेजारले देखेका मूर्तीमा बिश्वको इतिहास लुकेको थियो। त्यहि मूर्तीले देखाएकै अनुसार चक्रवर्ती सम्रात तथा राज्यहरूको उदय र पतन भएको थिए। यदि तपाईंले त्यस अध्याय मिड-फार्सीहरूको समयमा पढ्नुभयो भने तपाईंलाई त्यस अध्यायको अर्थ बुझ्न कठिन हुन्थे होलान्। किनभने त्यसपछिका बिश्वसम्रातहरूले सम्हालेका विश्वका राज्यहरूको उदय र पतन तपाईंले देख्नसक्ने थिएन। तर आज इतिहासमा पछाडि फर्केर हेर्दा त्यस बेलाका मानिसहरूले थाहा नपाएका कुराहरू हामीले थाहा पाउन सक्दछौं। त्यसकारण त्यस भविष्यवाणी कत्तिको प्रभावकारी छन् भनेर त्यसबेलाका होइन अहिलेका मानिसहरूले सराहना गर्नसक्दछन्।

अचम्मको कुरो त यो छ, दानियल २ अध्यायको भविष्यवाणी पूरा भइरहेको बेलामा करौडौं मानिसहरू स्वतन्त्र आत्मनिर्णयको अधिकार लिएर बसेका थिए। कुन राज्यहरू आउँछन् र जान्छन् भन्ने ज्ञान परमेश्वरलाई ठ्याक्कै थाहा थियो। त्यो ज्ञान हजारौं वर्ष पहिले नै उहाँलाई थाहा थियो।

**दानियलले देखेका मूर्तीको टाउको सुन, छाती चाँदी, कम्मर ढलौत, खुट्टाहरू फलाम र पाइतालाहरू फलाम र माटोका थिए। अनि आकासबाट ठूलो पत्थर आएर यस संसारलाई चक्नाचुर पारेको थियो। त्यसपछि सारा संसार भर उक्त पत्थर फुलेर भरिएको थियो। त्यहि अनुसार बिश्वका सम्रातहरूको उदय र पतन भएको थियोः सुनको टाउको बेबिलोन साम्राज्य, चाँदीको छाती मिडपर्सिया, कम्मर ग्रीस अर्थात् महान् सम्राट अलेकजान्दर, फलामका खुट्टाहरू रोमी साम्राज्य र फलाम र माटो मिसेका पाइतालाहरू रोमी साम्राज्य टुक्रा टुक्रा भए। आज संसारको इतिहास त्यहि टुक्राटुक्रा राज्यहरूमा चलिरहेकाछन् जसले आज निरन्तरता पाइरहेकाछन्। (रोमी साम्राज्य पछि कुनै पनि यस्तो मानवियशक्ति छैन जसले संसारका राज्यहरूलाई एकत्रित पार्न सक्दछन्। चार्लमेन, नेपोलियन, बिलायत, हिटलर आदिले संसारलाई एक बनाएर बिश्व सम्रात हुन खोजेका थिए। तर ती सबै असफल भएर गए। लिग अभ नेशनस्, राष्ट्रसँघ, युरोपियन युनियन आदिले पनि बिश्वलाई एकै**

**मञ्चमा एकैको नेतृत्वमा राख्न खोजेका थिए र राख्न खोजिरहेकाछन्। बर्तमान समाचारका आवाजहरूले त्यो प्रयास कसरी कठिन भइरहेको छ भनेर फुकिरहेकाछन्। यो थाहा नहुने को होला?- अनुवादकको टिप्पणी)। आज हामी केवल अन्तिम साम्राज्यको प्रतिक्षामा छौं भनेर हामीलाई देखाइरहेको छ। त्यो साम्राज्य होः आकासबाट आएका पत्थर फुलेर संसार भरेका परमेश्वरको अनन्तको राज्य (दानियल २:४४)। यदि दानियलले देखेका भविष्यवाणी अनुसार सबै ठिक ठिक गरेर मिल्न आए भने अन्तिम राज्य हुँदैन भनेर नकार्नु कस्तो मूर्खता होला?**

## ४. ख्रीष्ट र सैतानको बीचमा भइरहेको महान् अन्तरसंघर्ष र इतिहास (प्रकाश १२:७-१७)

जतिसुकै अनियन्त्रित रूपमा वा अन्यौलतामा वा गडवडमा यस संसार चलिरहेतापनि मानव इतिहास शुन्यता काम भइरहरेको हुन्दैन। कुनै पनि घट्ना संयोगबस चलेको हुँदैन। मानव इतिहासको पर्दा पछाडि कथा छ। त्यहाँ दुई मतको बीचमा घमासान युद्ध भइरहरेको छ। त्यो युद्धलाई विभिन्न शव्दहरूले सम्वोधन गर्न सकिन्छ, जस्तै अन्तरसंघर्ष, अन्तरद्वन्ध, महान् बिवाद, महान् मतभेद आदि। ख्रीष्ट र सैतानको बीचमा भइरहेको अन्तरद्वन्धको कुरुक्षेत्र कुनै निश्चित प्रान्त वा जातमा नभएर सारा संसार नै हुनपुगिरहेकोछ। यदि त्यस बिबादको पृष्ठभूमी हामीले जान्नसक्यौं भने मानव इतिहासको अर्थ स्पष्ट रूपमा हामीले बुझ्न सक्दछौं।

**विश्वको इतिहास कसरी चलिरहेको छ र कुन् पात्रहरूको बीचमा कचकच भइरहेको छ वा कसले खलनायक र मूल अभिनेताको भूमिका खेलिरहेकाछन् भनेर बुझ्न देहायका पदहरू पढ्नुहोस्ः प्रकाश १२:७-१७, अयूब २:१:२, यशैया १४:१२-१४, उत्पत्ति ३:१५, एफिसी ६:१७ र रोमी १६:२०।**

सैतान कुनै काल्पनिक जीव होइन। प्रत्येक व्यक्तिको दिमागमा खराब र असलको बीचमा संघर्ष भइरहेको हुन्छ। व्यक्तिगत वा वस्तुगत, चर्किरहेको युद्ध कुनै काल्पनिक लेखकले कल्पना गरेर लेखेको नभएर साँच्चिकै भइरहेको छ। केवल क्रुसमा मात्र खलनायक सैतानलाई जितेको थियो। सारा संसारले यो जानुन् कि एकदिन सैतानको अस्तित्वको नाश हुन्छ। क्रुस त्यसको सुचक हो।

"जब ख्रीष्ट क्रुसमा झुण्डि रहनुभएको थियो, सारा स्वर्ग स्वम्भित वा अकमक र दुःखित भएर हेरिरहेको थियो।...क्रुसको वरिपरि परमेश्वरको स्वरूपमा बनिएका मानिसहरू थिए, जसले परमेश्वरको एकमात्र पुत्रलाई चकनाचुर पार्न तम्सिरहेका थिए। सारा जगतका जीवहरूले हेरिरहेको यो दृष्य कस्तो होला!

"येशू ख्रीष्ट सबभन्दा दुष्ट पापी हुन् भनेर उहाँको खिलापमा विश्वास दिलाउन सैतानका दूतहरू र उसका मानव यन्त्रहरू एकत्रित भएका थिए। दुष्ट मानिस र आफ्ना सहयोगीहरूद्वारा सैतानले येशूप्रति अगाढ घृणा जगाइरहेका थिए।......

"तर आफ्नो योजनाको भण्डाफोर भएको सैतानले देखेको थियो। उसको योजना रुपी लुगा च्यातिएझैं च्यातिएको उसले देखिरहेको थियो। पतित नभएका स्वर्गदूत र सारा जगतमा उसलाई दिइएको अधिकारको बारेमा सैतानको अगाडि स्पष्टरूपमा देखिरहेका थिए र उसले आफूलाई हत्याराको रूपमा सावित गराएको देखाएको थियो। परमेश्वरको पुत्रको रगत क्रुसबाट बगाउन सैतानको ठूलो हात थियो। यो क्रियाद्वारा सैतानले पाउने सारा जगतका सम्मान, सहानभूति र दया उसले नै जरादेखि उखेलिरहेको थियो।.....सारा स्वर्गका सारा बिश्वले सैतानप्रति देखाउने अन्तिम् सहानुभूति त्यसबेला चुँडिएको थियो।-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृष्ठ ७६०, ७६१बाट रूपान्तरित।

तर सारा स्वर्गमा सन्नाटा छाएतापनि त्यसबेला तत्कालै सैतानलाई किन ध्वस्त गरिएन त?

"येशू र सैतानको बीचमा भइरहेको महान् विवादित युद्धमा सबैजना को को समावेश भएका थिए भनेर स्वर्गदूतहरूले बुझेका थिएनन्। यो युद्धको चर्तिकलाको पूरा पर्दाफास पछि हुने थियो। मानिसको उद्धारको निम्ति सैतानको ज्यान थामीराखिएको थियो। ज्योतिका राजकुमार र अन्धकारको राजकुमारको बीचमा आकाश जमिनको भिन्नता के छ भनेर मानिस र स्वर्गदूतहरूले जान्नुपरेको थियो। आफूलाई कसको आधिपत्यमा राख्ने भन्ने निर्णय प्रत्येक मानिसलाई सुम्पिएकोछ।-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. ७६१बाट रूपान्तरित।

बाइबलले जे सिकाउँदछ, एलेन जी ह्वाइटले पनि त्यहि सिकाउँदछिन्। त्यो हो, यस संसारमा घटिरहेको घट्ना, येशू र

सैतानको बीचमा भएको महान् अन्तरसंघर्षसँग सम्वन्धित छ। यस पृथ्वीमा जे हुन्छ र मानव इतिहासमा जे हुन्छ त्यसको पृष्ठभूमीमा येशू र सैतानको बीचमा भइरहेको युद्धले गर्दा हुन्छ। सबै त्यस महान् बिवादको परिधि भित्र हुन्छ। तर शुभ समाचार त यो हो, क्रुसको घट्नापछि सैतानको हार सुनिश्चित छ। र यो महान् युद्धको अन्त्य हुन्छ। यसको साथै सबै दुःख, वेदना, कष्ट, त्रास र हिंसाको पनि अन्त हुनेछ।

## ५. इतिहासमा क्रुस (२ कोरन्थी ५:१७-१९)

सारा विश्वको इतिहास एक घट्नाले गर्दा दुई फ्याक भएको के तपाईंले कहिले सोच्नुभएको छ? तर कुनै विश्व साम्राज्य वा सम्रातको उदय र पतनले गर्दा विश्व इतिहास दुई भागमा बिभाजित भएको होइन। न त कुनै नयाँ महादेश पत्ता लागेकोले विश्व इतिहास दुई भागमा बिभाजित भएको हो। तर रोमको महान् साम्राज्य भित्र लुकिएको वा अप्रसिद्ध गाउँमा जन्मिएको एक जना घुमन्ते प्रचारकको जन्मले सारा विश्वको इतिहास दुई खेमामा बिभाजित भएको छ। रोमी साम्राज्यमा हजारौं हजार यहूदीहरूको जन्मभएको थियो। तर तिनीहरूमा केवल एक जनाको जन्मले विश्व इतिहासको समयकाल दुई भागमा छुटाएकोले त्यसले सबैलाई अचम्म पार्नु पर्दछ।

येशूको जन्मले नै ईसा पूर्व र ईस्वी सम्वत भनेर विश्व इतिहासको समयकाललाई बुझाउँछ।

यदि हामीले परमेश्वर र इतिहासलाई ठिक रूपमा सोच्न सक्षम् भयौं भने मुक्तिको बरदान कत्तिको अत्यन्त महत्त्वपूर्ण छ भनेर बुझेर त्यसको राम्ररी नै सराहना गर्न सक्दछौं। परमेश्वरले आफ्नो दया र सदाशयता देखाएर हामीलाई क्षमा गर्नुभयो र हामीलाई उहाँका छोराछोरी बनाउनुभयो भन्ने सबुद प्रमाण क्रुस हो। त्यहि क्रुसले हाम्रो निम्ति नयाँ भविष्यलाई खोलिदिनुभएको छ। हामीले हाम्रा बिगतका पापको दोष वा दाग परेका व्यक्तिगत इतिहाससँग संघर्ष गर्नु पर्ने छैन भनेर त्यस भविष्यले बताउँछ। हामीमा भएका पापका सबै दागहरू येशूले मेटिदिनुभएको छ। येशूको बारेमा यो भनिइएको छ, "हामीले पाउनुपर्ने कष्ट उहाँले पाउनुभयो। हामीले पाउनुपर्ने बेदना वा पिडा उहाँ आफैले लिनुभयो" (यशैया ५३:४ रूपान्तरित)।

मुक्तिको योजनाको सम्पूर्ण सिद्धान्त वा शिक्षालाई एउटा वाक्यमा व्याख्या गर्न सकिन्छः नैराश्यताको भुमरीमा परिरहेको हामीहरूको इतिहासलाई उहाँले मेटेर आफ्नो इतिहास त्यहाँ राखिदिनुभयो। पापको दास भएर बिताइरहेको हाम्रो इतिहास येशूद्वारा नै यस जीवनमा अन्त गरिदिनुभयो। बिगतका पापले हामीलाई दोष दिँदैन, यातना दिँदैन, न त हाम्रो कमजोरीलाई हास्यस्पद बनाउँदछ, यो सबै ख्रीष्टको प्रेमको बरदान हो। हाम्रो व्यक्तिगत इतिहासले हामी सबैलाई दोषी बनाउँदछ, तर त्यस इतिहासको ठाउँमा येशूको सिद्ध वा सद्दे इतिहासले ओगटेको हुन्छ। त्यसकारण उहाँमा नै हामीले विगतको जीवनबाट स्वतन्त्र हुनसक्दछौं र अचम्मको गरिमामय भविष्यको प्रतिक्षामा जीउन सक्दछौं। विश्वको इतिहास वा हाम्रै व्यक्तिगत इतिहासमा जे भएतापनि हाम्रो निम्ति र यस संसारको निम्ति एक नयाँ र महिमित भविष्य पर्खिरहेको छ भनेर क्रुसमा हाम्रा सनातन परमेश्वर पिताले कबूल गर्नुभएको छ।

**विश्वको सारा मानिसको निम्ति येशूले के गर्नुभयो भनेर २ कोरन्थी ५:१७-१९मा पावलले भन्दछन्। फेरि येशूको यो काम कुनै जात, वर्ण, लिङ्गको निम्ति वा भौगोलिक क्षेत्रमा सिमित छैन। तर त्यस कार्यले सारा मानविय इतिहासलाई बदलिदिएको छ भनेर देखाइएको छ। ती पदहरू ध्यानपूर्वक पढ्नुहोस्।**

मानिसको दोषको भारी स्वइच्छाले आफ्नो काँधमा येशूले बोक्नुभएको थियो। उहाँको त्यस कामले गर्दा हामीलाई मुक्ति उपलव्ध भइदिएको छ। अनि मानव इतिहासको अन्त गरि अनन्तको इतिहास दिन उहाँले प्रतिज्ञा गर्नुभएको छ। तर त्यस इतिहासको लेखक येशू स्वयं हुनुहुनेछ। त्यसमा प्रत्येक मानिसको भविष्य समावेश भएको हुन्छ। ख्रीष्टको दोश्रो आगमन सुनिश्चित छ। पुरानो र नयाँ करार दुवैमा नयाँ स्वर्ग र नयाँ पृथ्वीको कबुल गरिएको छ।

हुनसक्छ तपाईंको बिगत जीवन नराम्रो र दोषपूर्ण छन्। तपाईंले दोषसुहाउँदो सँजाय भोग्नु पर्दछ। तर तपाईंले ख्रीष्टलाई ग्रहण गर्नुभएकोले तपाईंको विगत इतिहास तपाईंको काँधमा राखेर तपाईंको दोषको फैसला गरिने छैन। यो आत्माज्ञानले तपाईंको भविष्य कस्तो हुन्छ भनेर तपाईंले महसुस गर्नुभएको छ?

## उपसंहारः

**थप जानकारीः** "सब भन्दा पुरानो र सवभन्दा पूर्ण इतिहास बाइबल हो। यो अनन्त सत्यको मुहानबाट आएको हो। इतिहासभरि परमेश्वरले यसको शुद्धतालाई संरक्षण गर्नुभएको छ र यसलाई कुन् मोडमा लाने हो त्यसको अगुवाई उहाँले नै गर्नुभएको छ।....विश्वका राष्ट्रहरू कसरी सुरू भए भन्ने सत्य बृतान्त बाइबलमा मात्र पाउँछौं। मानिसको अहँ र नकारात्मक बिचारधाराबाट दुषित नभएको मानव इतिहास बाइबलमा मात्र पाइन्छ।

"मानव इतिहासमा राष्ट्रहरूको वृध्दि र साम्राज्यहरूको उदय र पतन मानव नेतृत्वमा भर पर्छ भनेर देखिन्छ। मानव शक्ति वा प्रभाव, महत्त्वाकाँक्षा र योजनाले गर्दा इतिहासका घट्नाहरू रचिएका हुन्छन् भनेर विश्वास गरिन्छ। तर त्यसको पर्दा बाइबलले खोलिदिएको हुन्छ। मानव आकाँक्षा, योजना र नियतले आकार लिएका सम्पूर्ण घट्नाहरू त्यस पर्दा पछाडिबाट छर्लङ्ग देख्न सक्दछौं। तर आफ्नो इच्छा र योजनालाई परिचालन गर्न परमेश्वर धैर्यतासाथ चुपचाप काम गरिरहनुभएको छ।"-एलेन जी ह्वाइट, एडुकेशन, पृ. १७३बाट रूपान्तरित।

## चिन्तनमननः

क. परमेश्वरलाई अगाडि नै थाहा भएका सर्वज्ञान र मानव आत्मनिर्णयको बारेमा धेरै चिन्तक र बाइबलका गुरूहरूले तर्कवितर्क गरिरहेकाछन्। धेरैले ती दुई विचार एकदम फरक भएको दावी गर्दछन्। हामीलाई स्वतन्त्र इच्छा दिइएको छैन वा परमेश्वरलाई भविष्य थाहा छैन भनेर तिनीहरूले तर्क गर्दछन्। तर ती दुवै धारणाहरू किन गलत छन्? आत्मनिर्णयको अधिकार प्रत्येकलाई दिइएकोछ भन्ने प्रमाण बाइबलमा कहाँ छ? भविष्यको बारेमा परमेश्वरलाई थाहा छैन भन्ने प्रमाण बाइबलमा कहाँ लेखिएको छ? सत्य कुरो त यो छ, हामीलाई स्वतन्त्र इच्छा दिइएतापनि घट्ना हुनुभन्दा अगाडि परमेश्वरलाई थाहा छ। तर परमेश्वरको पूर्वज्ञान

र मानिसको आत्मनिर्णयको बीचमा असहमत किन छैन?

ख. दानियल २को विषयमा सैतान अत्यन्त आक्रमक भएको पाइन्छ। किनभने परमेश्वर स्वर्गमा बिराजमान हुनुहुन्छ भन्ने प्रमाण त्यस अध्यायले दिँन्छ। ठोस र अपरिवर्तन विश्व इतिहासमा राखिने बिश्वास जस्तो अरू कुन् बलियो जग होला र? दानियल २ अध्याय ई.पू. १६५मा लेखिएको हो भनेर विश्वास दिलाउन सैतानले इतिहासका लेखकहरूलाई उक्साउँछन्। त्यहाँ भविष्यवाणी गरिएका कुराहरू भएको धेरै समयपछि मात्र दानियल २ लेखिएका हुन् भनेर इतिहासविज्ञद्वारा सैतानले मानिसलाई बिश्वास दिलाउन चाहन्छ। तर भविष्यवाणी आफैले त्यस विवादलाई नाश गरेको छ। रोम टुक्रा टुक्रा हुने र ती राज्यहरू आधुनिक युरोप राष्ट्रहरूमा परिणत हुने कुरा दानियलले ठ्याक्कै कसरी भन्न सक्थ्ये होला? रोमी राज्य ई.सन् ५०० वा ६०० वर्षपछि मात्र भनएको थियो जुन् ई. पू. १६५ पछि घटेका थिए। यदि अचम्मको त्यस भविष्यवाणीको निम्ति परमेश्वरको पूर्वज्ञानको खाँचो छ भने बाइबलले जे भन्छ त्यसमा किन विश्वास नगर्ने? भविष्यवाणीबारे मानिसहरूले लगाएका अप्रमाणित तर्कहरूतिर हामी किन लाग्ने? दानियलले ई.पू. १६५मा भविष्यवाणी लेखे भन्ने तर्कले परमेश्वरद्वारा पाइएको भविष्यवाणी बोल्ने शक्तिलाई छिनाल्न खोजेको पाउछौं। ई.पू. १६५मा दानियलले भविष्यवाणी लेखेको हो भन्ने धारण अत्यन्त असफल भएको हामीले हेर्न सक्दछौं।

**सारांशः** यस संसारको इतिहास जतिसुकै गञ्जागोल भएतापनि परमेश्वरले आफ्नो लक्ष्य पूरा गर्न क्रियाशील भइरहनुभएको छ। र येशूको महिमित दोश्रो आगमनद्वारा यस संसारको मानव इतिहास अन्त हुनेछ।